देश नाजुक अवस्थामा : शाह

भैरहवा, १ चैत (दैपस)- राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट राष्ट्रिय प्रजातान्त्रिक महिला संगठनकी केन्द्रीय अध्यक्ष अञ्जना शाह रावलले आहिले देश अत्यन्तै नाजुक अवस्थाबाट गुजिरहेको बताएकी छन्। उनले नेपाली जनता चरम गरिबी र बेरोजगारीको मारमा रहेको बताइन्।

राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन रूपन्देही जिल्ला भेलालाई बिहीबार भैरहवामा सम्बोधन गर्दै अध्यक्ष रावलले भनिन्, 'रोजगारीको अभावमा आर्थिक समस्याको कुनै लेखाजोखा छैन। गरिब जनताको घरमा चुल्हो बाल्ने अवस्था छैन।'

उनले मुलुकको समस्याबाट कोही पनि अनभिज्ञ नभएको जिकिर गरिन्। उनले राप्रपा विकल्प बनेर मुलुकको समस्या समाधान गर्नुपर्नेमा जोड दिइन्। अध्यक्ष रावलले देशको अवस्था बदल्नको लागि राप्रपालाई बलियो बनाउनुपर्ने र पार्टीलाई बलियो बनाउन संगठन विस्तार उचित विकल्प रहेको धारणा राखिन्।

'मनमा कुनै पनि द्वैष नराखी हामी संगठन विस्तारमा लाग्नुपर्छ, जुन पदमा छौं त्यही रहेर इमान्दारीपूर्वक गर्नुपर्छ। संगठन बलियो हुने भनेको पार्टी बलियो हुनु हो,' उनले भनिन्। राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन दरिलो खम्बाको रूपमा उभिनुपर्नेमा उनले जोड दिइन्। महिला संगठनले नेपालको संविधानले महिलालाई दिएका अधिकारबारे सुसूचित गराउनुपर्ने उनले बताइन्। संगठन दुरदराजका महिलाको आवाज बन्नुपर्ने अध्यक्ष रावलको भनाइ छ। संगठन मजबुत भए माग सम्बोधन गर्न सकिने उनले बताइन्।

आफ्नो कार्यकालमा केन्द्रदेखि वडासम्म कसैप्रति अन्याय हुन नदिने उनले दावी गरे। एउटा महिलाले अर्को महिलाको खुट्टा तान्ने प्रवृत्ति हटाउनुपर्नेमा उनले बताइन्।

राजासहितको प्रजातन्त्र, हिन्दू राष्ट्र पुनःस्थापना जस्ता मागहरू सम्बोधन गराउन हुने दबाबमूलक कार्यक्रम तथा आन्दोलनमा महिलाहरूको व्यापक समर्थन रहने उनले बताइन्। 'अनुशासन र शिष्टता महिला संगठनको गहना हो,' उनले भनिन्।

राष्ट्रिय प्रजातान्त्रिक महिला संगठनले मुलुकका ७७ जिल्लामध्ये ५२ वटा जिल्लामा केन्द्रीय कार्यसमिति विस्तार गरिसकेको र २५ वटा जिल्लामा अधिवेशन सम्पन्न गर्न लागेको बताइन्। उनले भनिन्, 'जुन जुन जिल्लामा अधिवेशन सम्पन्न भइसकेको छ, त्यो जिल्लामा भेला गरेर महिलाहरूसँग साक्षात्कार गर्दै उहाँहरूको गुनासो र समस्या कसरी सम्बोधन गर्ने भन्नेतर्फ लागेका छौं।'

त्यस्तै राप्रपाका सहायक महामन्त्री ताहिर अलीले राप्रपाले महिलाको योगदानलाई बिर्सन नसके बताए। उनले महिलाले इतिहास रचेको बताए। उनले भने, 'निर्वाचनको समयमा पनि महिलाले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। जसका कारणले राप्रपाले निर्वाचनको परिणाम आफ्नो पक्षमा पारेको छ।' राप्रपा केन्द्रीय सदस्य स्वाती थापाले एकजुट भएर व्यवस्था र अवस्था बदल्न सडक र सदनबाट अघि बढ्नुपर्नेमा जोड दिइन्। उनले महिलालाई विशेष प्राथमिकता दिनुपर्ने बताइन्। 'प्रत्येक ठाउँमा ३३ प्रतिशत युवा र महिलाको सहभागीता र प्रतिनिधित्व हुनुपर्छ,' उनले भनिन्।

कार्यक्रममा राप्रपाका आमन्त्रित केन्द्रीय सदस्य मातृका प्रसाद यादव, मीन प्रसाद घिमिरे, रूपन्देही जिल्ला अध्यक्ष सागर प्रताप राणा, राष्ट्रिय प्रजातान्त्रिक महिला संगठनकी केन्द्रीय सदस्य पुनम यादव, रूपन्देही जिल्ला अध्यक्ष मीना रिमाल, सचिव प्रतिमा शर्मा (काप्ले), कोषाध्यक्ष अप्सरा शाही, सिद्धार्थनगर अध्यक्ष कविता कार्की लगायतले भनाइ राखेका थिए।

'प्राकृतिक स्रोतको वैज्ञानिक उत्खनन् र उपयोग हुनुपर्छ'

काठमाडौं, १ चैत (दैपस)- प्रतिनिधिसभा सदस्य वासुदेव घिमिरेले प्राकृतिक स्रोत–साधनको वैज्ञानिक र दीगो उत्खनन तथा उपयोग गर्ने विषयमा नीतिगत व्यवस्था हुनुपर्ने बताएका छन्। बिहीबार संसद बैठकमा निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको छलफलमा भाग लिँदै सांसद घिमिरेले वातावरणीय प्रभाव नपर्ने गरी ढूला चट्टानी पहाडदेखि वन सम्पदाको उपयोग गर्न सक्दा त्यसले मुलुकको अर्थतन्त्रमा ठूलो टेवा दिने बताए।

वनमा रुखहरू कुहिँएर गएका तर फर्निचर आयात बढ्दै गएको उल्लेख गर्दै सांसद घिमिरेले वातावरणीय असर नपर्ने गरी मौजुदा प्राकृतिक स्रोत साधनको कानूनसम्मत उपयोग गर्न पाउने व्यवस्था गर्नुपर्नेमा जोड दिए। संसदमा पेश भएको विधेयकले निर्माण सामग्रीको उत्खनन, संकलन, प्रशोधन, बिक्रीको दीगोपन तथा सहज आपूर्तिको व्यवस्थापन र नियमनका सन्दर्भमा देखिएका समस्याहरू हटाउने उनको भनाइ छ। नीतिगत अस्पष्टता र पालिकाबीच समन्वय नहुँदा नदीजन्य पैदावारको उत्खनन, संकलन र बिक्रीका सन्दर्भमा जटिलताहरू देखिएको बताउँदै सांसद घिमिरेले प्रस्तुत विधेयकले धेरै समस्या हटाउने अपेक्षा गर्न सकिने बताए।

कतै नदीजन्य पैदावारको औपचारिक रूपमा उत्खनन नैं नगर्ने, कतै अत्यधिक दोहन गर्ने समस्याले विभिन्न वातावरणीय समस्या निम्ताएको बताउँदै उनले नदीजन्य पैदावारको चाटगढी, दरेट, अनुगमन, मूल्यांकन, राष्ट्रिय गौरवका आयोजनामा दिने, खोलानदीको सीमाना सम्बन्धी विद्यमान विवादलाई विधेयकले सम्बोधन गर्ने उनको विश्वास छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क. को उपदफा (१) र (३) खारेज हुने गरी सरकारले निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदमा पेश गरेको हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्माणमुखी सामग्रीको उत्खनन, संकलन, प्रशोधन तथा बिक्रीको सम्बन्धमा आवश्यक निर्णय गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ। तर, त्यसमा विभिन्न समस्या देखिएपछि सरकारले यो विधेयक ल्याएको हो।

दुर्गन्ध नियन्त्रण गर्न अष्ट्रिज प्रा.लि. सञ्चालक तथा स्थानीय बीच सहमति

तिलोत्तमा,१ चैत। रूपन्देहीको तिलोत्तमा - १० मा रहेको अष्ट्रिज प्रा.लि. भित्र सञ्चालित उद्योगले दुर्गन्ध फैलाएको भन्दै विरोधमा उठिएका स्थानीय र उद्योग सञ्चालक बीच सहमति भएको छ। अष्ट्रिज प्रा.लि. भित्र च्याउ उत्पादन गर्ने क्रममा प्रयोग हुने विभिन्न वस्तु आदि कुहाइने तथा कम्पोष्ट बनाइने गरेको तथा त्यसबाट निस्कने गन्धका कारण सिंगो गाउँ नै प्रभावित बनेको भन्दै स्थानीय विरोधमा उठिएका थिए।

बुधबार तिलोत्तमा १७ मुडियारीका स्थानीय, उद्योग सञ्चालक तथा तिलोत्तमा नगरपालिकाका प्रमुख, उपप्रमुख सम्मिलित वार्तामार्फत विभिन्न बुदामा सहमति भएको छ। सहमतिमा अबको १ वर्षभित्रमा दुर्गन्ध फैलाएको भनिएको चिजबीज तथा वस्तु र कच्चा पदार्थलाई अन्यत्र स्थानान्तरण गर्ने, च्याउबाट निस्कने कालो पानीलाई सार्वजनिक कुलो वा नालामा नफाली उचित व्यवस्थापन गर्ने, उद्योग विचोविच काम रहेको नक्सामा रहेको पानीको निकाश दिने नालालाई पुनः काम गर्ने, तथा अष्ट्रिज प्रा.लि.ले १० वर्ष अघि लिजमा लिएको बालकल्याण आधारभूत विद्यालयको जग्गा तत्काल अवब विद्यालयले नै भोगचलन गर्ने गराउनेलगायतका विषयमा सहमति भएको स्थानीय ओमनाथ पाण्डेले जानकारी दिए।

उद्योग सञ्चालक सीपी शर्माले स्थानीयको माग बमोजिम नै उद्योगलाई अब अन्यत्र स्थानान्तरण गर्ने गरी तयारी भैरहेको जानकारी दिए। उनले च्याउ बनाउने क्रममा उत्पन्न हुने गन्ध नियन्त्रण गर्न गाह्रो हुने भएकाले उद्योग नै स्थानान्तरण गर्नुको विकल्प नरहेको औल्याए। सञ्चालक शर्माले अबको १ वर्षभित्रमा बुधबारको सहमति अनुसार नै कार्य गरिने प्रतिबद्धता जनाएका हुन्।

बुटवलको ...

फोहर डम्प गरेर स्थानीयको विरोधपछि सम्झौता भएको यो पहिलो अवसर भने होइन। यस्ता संघर्ष समिति पटक-पटक बन्ने र नगरपालिकाले उनीहरूका मागलाई सम्बोधन गर्न सहमति गरेका घटना धेरै छन्।

तर अझै पनि उपमहानगरपालिकाले दीर्घकालीन रूपमा समस्या समाधान नगरी कहिले कुन ठाउँमा त कहिले कुन ठाउँमा फोहोर फाल्ने गर्दा स्थानीयहरू आजित भएको बुटवल देवीनगरका प्रेम श्रेष्ठले गुनासो गरे। बुटवल बहुमुखी क्याम्पसका प्राध्यापक जीवनारायण अधिकारीले दीर्घकालीन समाधान नखोज्दा यस्ता समस्या प्रत्येक वर्ष जस्तो आउने गरेको बताए। उनले भने, 'केही समय एक ठाउँमा फाल्ने अनि त्यहाँ ठूलो विरोध भेल्न नसकेपछि अर्को ठाउँ फाल्ने परम्परा नै गलत छ। दीर्घकालीन रूपमा डम्प गर्ने ठाउँमा उपमहानगरपालिकाले जोड गर्नुपर्छ।'

हुन पनि बुटवल उपमहानगरपालिले सुरुमा तिनाउ छेउमा पर्ने हात्तीसुडमा फोहोर फाल्ने गरेको थियो। त्यसपछि लुम्बिनी वाणिज्य क्याम्पसपछाडि र त्यसपछि विभिन्न ठाउँ सार्दै पछिल्ला वर्ष मजुवामा फोहोर फाल्न थालेको हो।

स्थानीयवासी विनोद दुबालाले मानव स्वास्थ्यको ख्याल्समेत नगरी फोहोर फाल्दा बस्ती पूरै दुर्गन्धित हुन पुगेको बताए। नदी किनारमा डम्पिङ गरिएको फोहोर बेला-बेलामा जलाउँदा आँखा नै पिरो हुने र धुवाँको मुस्लोले बस्ती नै ढाकिने गरेको स्थानीयको भनाइ छ। सिरान गाउँ मजुवामा फोहोर फाल्दा त्यसबाट प्रत्यक्ष मजुवा, प्रवेश नगर, ध्रुवनगर, दुर्गानगर, भगवती टोल, शिवालय टोल प्रभावित भएका छन्।

सोही स्थानमा रहेको सूर्योदय आधारभूत विद्यालय समेतमा दुर्गन्ध फैलिने गरेको स्थानीयवासी एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरि कँडेलले बताए। उक्त विद्यालयमा १८० जना विद्यार्थी रहेका छन्। बुटवलका विभिन्न टोलबाट सङ्कलन भएको फोहर अन्तिम फाल्ने ठाउँ यही मजुवा हो।

स्थानीयको विवाद गर्दा एडिबीले हात झिकेको

बुटवलमा आँहिले दैनिक ७५ टन फोहोर उत्पादन हुँदै आएको छ। पछिल्लो समय जनसङ्ख्या वृद्धिसँगै समस्या थपिँने क्रममा रहेको छ। तर बुटवल उपमहानगरपालिका भने अझैसम्म डम्प गर्ने दीर्घकालीन ठाउँ निर्धारण गर्न सकेको छैन।

बुटवल उपमहानगरपालिकाले संस्थागत रूपमा फोहोर व्यवस्थापन गर्न धेरै वर्ष पहिलेदेखि नै प्रक्रिया अगाडि बढाएको बुटवल उपमहानगरपालिका पूर्वमेयर एवं हाल प्रदेश सभा सदस्य भोजप्रसाद श्रेष्ठले बताए। तर फोहरको लागि जग्गा नै उपलब्ध नहुने, भइहाले पनि स्थानीयको विरोधले डम्पिङ साइट निर्माण गर्ने बेला अन्तिम अवस्थामा फिर्ता हुने गरेको उनको भनाइ छ।

बुटवलमा फोहर प्रशोधन लागि एसियाली विकास बैंकले लगानी सम्झौता गरेको थियो। तर स्थानीय विवाद, जग्गा व्यवस्थापनमा गर्न समस्याजस्ता कमजोरीका कारणले एडीबीले नगरपालिकासँग गरेको सम्झौताबाट हात झिकेको छ। बुटवल उपमहानगरपालिकाले सन् २०१० मा एडिबीसँग फोहोर प्रशोधन केन्द्रका २८ करोडको सम्झौता गरेको थियो। त्यसपछि फोहोर मैला प्रशोधन केन्द्रका लागि उपमहानगरपालिकाले जेडआईईसी पप्पु जेभीसँग २५ करोड ६२ लाख ५३ हजार ५ सय ८४ रुपैयाँमा ठेकका सम्झौता समेत गरेको थियो।

बुटवल-१५ को जितेश्वरी सामुदायिक वनमा योजना निर्माण गर्ने भनिए पनि स्थानीयको अवरोधपछि बुटवल देवीनगर राख्ने निर्णय भयो। तर स्थानीयले कडा विरोध गरेपछि काम रोकियो।

त्यसपछि रूपन्देहीको देवदह नगरपालिकाको सिमाना जोडिएको शिवनगर सामुदायिक वनमा योजना निर्माण गर्ने निर्णय भयो। बुटवल उपमहानगरपालिका र देवदह नगरपालिकाका दुवै ठाउँबाट फोहोर राख्ने भनिए पनि दुई नगरपालिका बीच समन्वयन नहुँदा परियोजना रोकिएको बुटवल नगरपालिका सरसफाई तथा फोहोर मैला व्यवस्थापन शाखाका प्रमुख टाँगेश्वर पोखरेलले बताए।

त्यहाँ जग्गा सङ्ग भर्नाको लागि पाल्पामा यम्मामा जग्गासमेत खरिद गरिएको थियो। शिवनगर सामुदायिक वनका रुख काट्दा नियमानुसार अर्को ठाउँमा रुख रोप्नु पर्ने भएकाले पाल्पा जग्गा खरिद गरिएको पोखरेले बताए।

बुटवल नगरपालिकाका प्रवक्ता शिव रानाले फोहर व्यवस्थापनको लागि आँहिले सूक्ष्म रूपमा जग्गाको खोजी गरिएको बताए। उनले बुटवल पश्चिमतिर जग्गाको खोजी भइरहेको खुलाए।

शिक्षक आवश्यकता

विषयः विज्ञापन गरिएको बारे। मितिः २०८०/१२/०२

प्रस्तुत विषयमा यस **श्री आदर्श माध्यमिक विद्यालय** मालारानी ३ सनदहको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/११/१० गतेको निर्णय तथा माननीय गाउँपालिकाको मिति २०८०/११/१३ गतेको विज्ञापन अनुमति पत्र अनुसार यस विद्यालयको नि. मा. वि. तृतीय श्रेणी विज्ञान विषयको रिक्त रहेको कोटामा अस्थायी करार शिक्षकको पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले तपसिलका कागजात सहित मिति २०८०/१२/१४ गते कार्यालय समय भित्र आइपुग्ने गरी दरखास्त पेश गर्नु हुन अनुरोध छ। सार्वे शिक्षक सेवा आयोगको करार सूचिमा रहेको उम्मेदवारको निवेदन पर्ने आएमा अन्य उम्मेदवारहरूको दरखास्त र दरखास्त दस्तुर फिर्ता हुनेछ।

तपसिल

१. विज्ञापन नं.: ०१-८०/०८१
२. पद: शिक्षक (अस्थायी करार)
३. तह/श्रेणी: नि.मा./तृतीय
४. विषय: विज्ञान
५. योग्यता: विज्ञान विषयमा आइ. एड. वा सो सरह
६. संख्या: १
७. परीक्षाको किसिम: लिखित र मौखिक
८. उमेर: १८ वर्ष पुरा भइ ४० वर्ष नलागेको
९. दरखास्त दस्तुर: रु १५००/-
१० दरखास्त बुझाउने अन्तिम मिति: २०८०/१२/१४ कार्यालय समय भित्र
११. सम्पर्क मिति २०८०/१२/१५
१२. आवश्यक कागजातहरू।
क) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपि २/२ प्रति
ख) स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि २/२ प्रति
ग) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि २/२ प्रति
घ) पासपोर्ट साइजको फोटो ४ प्रति
१३. तलब स्केल नेपाल सरकारले तोके बमोजिम हुनेछ। अन्य जानकारीको लागि ९८५७०६६३३७ वा ९८६९१०२८३४ मा सम्पर्क गर्न सकिने छ।

प्रधानाध्यापक
श्री आदर्श माध्यमिक विद्यालय
मालारानी - ३, सनदह, अर्घाखाँची

Tinau Rural Municipality
Office Of The Rural Municipal Executive
Dobhan, Palpa

Notice of Invitation ForBids.

Publication Date: 2080/12/02

1. Tinau Rural Municipality Dobhan, Palpa invites electronic Bid from Nepalese eligible bidder for Upgrading of Nuwakot-Hariyaligaun-Jyamire Tourism Road (Phase II) & Construction of TinauGaupalikaAccess Road UnderNCBProcedure Respectively.
2. Interested eligible Bidders may obtain further information From the office of Tinau Rural Municipality Phone No:075413064/9857077098 Email: tinaururalmunicipality@gmail.com or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpbefore 12:00 hrs. on03 Bhaishak 2080.and Bid Opening will be held on same day at 13:00Hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.
4. Pre-bid meeting for NCB shall be held at Tinau Ruaral Municipality Dobhan -02,Palpa at 12:00 hrs on 23 Chaitra 2080

Contract Number	Description of Works	Estimated Amount (With VAT& PS)	Bid Security Amount (NRs)	Bid Document Fee (NRs.)	Remarks
TRM/NCB/WORK/08/2080-081	Construction of Tinau Gaupalika Access Road	26,19,905.32/- (With VAT)	70,000/-	3,000/-	Online E-Bid. (NCB)
TRM/NCB/WORK/09/2080-081	Upgrading of Nuwakot-Hariyaligaun-Jyamire Tourism Road (Phase II)	39,19,605.00/- (With VAT)	1,00,000/-	3,000/-	Online E-Bid. (NCB)

5. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **LaxmiSunrise Bank Limited.**
   Name of Office: **Office of Tinau Rural Municipality**
   Office Code no. : **40-365-13RajashoShirsakNum :-14229040.**

Office Account No:08103000028(For Bid Fee), Office Account No.:08103000185(For Bid Security)

Cheif Administrative Officer

श्री पशुपति माध्यमिक विद्यालय

तिलोत्तमा-१५, कोटिहवा (रुपन्देही)

बोलपत्र स्वीकृत गर्ने आशयपत्र सम्बन्धी सूचना

(सूचना जारी मितिः २०८०/१२/०२ गते)

श्री पशुपति माध्यमिक विद्यालयको आ.व. २०८०/०८१ का लागि स्वीकृत नमूना विद्यालय भौतिक निर्माण कार्यक्रम अन्तरगत शैक्षिक भवन निर्माणार्थ आह्वान गरिएको बोलपत्र मूल्याङ्कन गर्दा दोहायका बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम सारभूत रुपमा प्रभावग्राही, न्यूनतम मूलयांकित बोलपत्रदाताको रुपमा छनौट भएको हुँदा सोही ऐनको दफा २७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	कामको नाम/ठेक्का नं.	बोलपत्र आह्वान मिति	स्वीकृत बोलपत्रदाता	कबोल अंक (मू.अ.क तथा पि.एस. समेत)
१	श्री पशुपति मा.वि. को भवन निर्माण कार्य तिलोत्तमा-१५, NCB/SPS/1/080/81	२०८०/१०/१०	सोमनाथ बिल्डर्स प्रा.लि., काठमाडौं महानगरपालिका-९, शम्भु मार्ग	३२,६८०,८८८९

प्रधानाध्यापक

ट्वाइलेट सफा गराउनु परेमा

बुटवल सेनेटरी प्रा.लि.

स्याफ्टी टंकी रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरीसम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

९७४५४०५९७३, ९८०७४०९८५२

गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१२९८६३१७
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
सर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
सिद्धबाबा सेनेटरी ९८६४५७७२६२, ९८११९९६९३२
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी ९८५७०५७०७०
साथै, रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

ट्वाइलेट सफा गराउनुहोस

हाम्रा सेवाहरू: तपाईंको घरको सिट, नाली जाम भएमा चिन्ता लिनु पर्दैन । सेनेटरी जमतमा बढी क्षमता, अत्याधुनिक प्रविधि, पावरफुल रोटर म्याकुम पम्पद्वारा बिना बिजुली ट्वाइलेटको सेफ्टी वा रिङ्ग सफा गरिन्छ ।

प्रो. राजेश प्रसाद

राजेश सेनेटरी सेवा, भैरहवा

मो.: ९८०५४७८७५९, ९८०७५९२८८३

ट्वाइलेट सफा गराउनुहोस्

सुपथ मुल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्ने र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस् ।

पाल्पाली मगर सेनेटरी

बुटवल-१७, मोतिपुर

मो.: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

L.B.F **ईंट्टा चाहिएमा**

तपाईंको शहर भैरहवा, बुटवलमा बलियो, टिकाउ र भरपर्दो L.B.F. मार्का ईंट्टा चाहिएमा तु-सम्पर्क गर्नुहोला ।

L.B.F L.B.F

सम्पर्क

पडसरी-५, ठुटिपिपल, रुपन्देही

फोन : ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३

नोट : पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँचीका लागी ट्रकमा पठाउने व्यवस्था छ ।

ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ्ग खाली गरिनेछ।

सुपथ मुल्यमा काम गर्ने र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस्।

सिताराम सफा सेनेटरी भैरहवा

मो.: ९८६९७८९२७५, ९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

सबैभन्दा बढी क्षमता भएको

- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिन्छ।
- ट्वाइलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
- यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चलभरी दिइनेछ।

क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार

प्रो. रामशाह साह्री

बिशाल सेनेटरी

बर्गेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297

CamScanner